# गाउँपालिका अध्यक्षको सम्बोधन

## वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठी

- आदरणीय प्रमुख सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, स्वास्थ्यकर्मी तथा कर्मचारी साथीहरू एवं उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक नमस्कार।
- आज हामी वार्षिक समीक्षा तथा आगामी योजना तर्जुमा गोष्ठीमा सहभागी भएका छौं। यो केवल विगतमा गरेका कामको समीक्षा गर्ने कार्यक्रम होइन, आगामी दिनमा हाम्रा नागरिकलाई अझ गुणस्तरीय, सहज, पहुँचयोग्य र प्रभावकारी स्वास्थ्य सेवा कसरी दिने भन्ने विषयमा गम्भीर छलफल गर्ने महत्वपूर्ण अवसर पनि हो।
- हामीले विगत एक वर्षमा स्वास्थ्य क्षेत्रमा केही महत्वपूर्ण र परिणाममुखी काम गरेका छौं।
- हाम्रो गाउँपालिकाको वडा नं.६ मा बहेडा बेला स्वास्थय चौकी लाई १५ शय्याको अस्पतालका रूपमा सञ्चालनमा ल्याएका छौं। त्यसैगरी तुल्सियाही स्वास्थ्य चौकीमा ५ शय्याको अस्पताल २४ घण्टा सञ्चालनमा ल्याएका छौं।
- बहेडा बेला अस्पतालसँगै बर्थिङ सेन्टर सञ्चालनमा छ, जहाँ प्रसूति सेवाका लागि ४ वटा वेडको व्यवस्था गरिएको छ। अस्पतालमा Lab, X-Ray, Ultrasound, आकस्मिक सेवा तथा भर्ना भएर उपचार गर्ने सुविधा विस्तार भएको छ।
- यसको परिणामस्वरूप हाम्रा नागरिकले सामान्य उपचार तथा आवश्यक परीक्षणका लागि टाढा जानुपर्ने बाध्यता धेरै हदसम्म कम भएको छ।
- त्यसैगरी नागरिकलाई औषधिमा राहत दिने उद्देश्यले पालिकाको आफ्नै लगानीमा दुई वटा औषधि पसल सञ्चालन गरेका छौं। नेपाल सरकारबाट प्राप्त निःशुल्क औषधि नागरिकलाई उपलब्ध गराउनेसँगै पालिकाको औषधि पसलबाट पनि न्यूनतम नाफा, १० प्रतिशत मात्र राखेर सहुलियत दरमा औषधि उपलब्ध गराउने नीति कार्यन्वयन गरेका छौं साथै आगामी दिनमा यसलाई थप प्रभावकारी वनाउने छौं।

## हाम्रो स्पष्ट उद्देश्य छ—

- औषधिको अभाव वा आर्थिक समस्याका कारण कुनै नागरिक उपचारवाट वञ्चित हुनु नपरोस्।
- त्यसैगरी सिकिस्त तथा आकस्मिक बिरामीका लागि निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरेका छौं। गाउँबाट अस्पतालसम्म ल्याउने मात्र होइन, आवश्यक उपचारपछि घरसम्म पुऱ्याउने व्यवस्थालाई पनि प्रभावकारी बनाउने हाम्रो प्रयास छ। विशेषगरी पालिका भित्र तथा पालिका बाहिर जुनसुकै स्थानबाट गर्भवती महिलालाई निशुल्क एम्बुलेन्स सेवा तथा आकस्मिक बिरामीलाई समयमै अस्पताल रेफर गर्नु हाम्रो प्राथमिकता हो।

तर, हाम्रो स्वास्थ्य नीति अस्पताल बनाएर र उपचार सेवा विस्तार गरेर मात्र पूरा हुँदैन। अब हाम्रो स्वास्थ्य नीतिको अर्को महत्वपूर्ण चरण हो :-

- स्वास्थ्य संस्थाको नियमित अनुगमन
- गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सम्वन्धित शाखा तथा वडा प्रतिनिधिवाट स्वास्थ्य संस्थाको नियमित अनुगमन गरिनेछ।
- अनुगमनका मुख्य विषयः
- सेवा → जनशक्ति → औषधि → उपकरण → सरसफाइ → विरामीसंगको व्यवहार → अभिलेख → परिणाम
- अनुगमनवाट देखिएका समस्या तत्काल समाधान गर्ने व्यवस्था गरिनेछ।

CamScanner

उपचारभन्दा रोकथाम।

- हामीले स्वास्थ्यकर्मीहरूलाई स्वास्थ्य चौकीका साथै स्वास्थ्यकर्मीहरू गाउँ-गाउँ, टोल-टोल र घर-घरमा पुग्नुपर्छ।

**हाम्रो सोच हो—**

- स्वास्थ्यकर्मी → गाउँ → घर → परिवार → स्वस्थ समुदाय।
- त्यसका लागि ANC, PNC, खोप, पोषण, सरुवा रोग नियन्त्रण, नसर्ने रोगको screening, रक्तचाप तथा मधुमेह परीक्षण, ज्येष्ठ नागरिक स्वास्थ्य हेरचाह र महिला तथा वाल स्वास्थ्य कार्यक्रमलाई समुदायसम्म पुऱ्याउनुपर्छ।
- विशेषगरी गर्भवती महिलाको नियमित ANC जाँच, जोखिमयुक्त गर्भावस्थाको समयमै पहिचान, बर्थिङ सेन्टरमा सुरक्षित प्रसूति र प्रसूतिपछि PNC सेवालाई अझ प्रभावकारी वनाउनुपर्छ।
- हेल्प डेस्क सेवा सुचारु गरि सेवालाई अझै प्रभावकारी बनाउने ।

**हाम्रो लक्ष्य स्पष्ट छ ।**

- घरमै जोखिम पहिचान, संस्थामै सुरक्षित प्रसूति।
- आवश्यक परे निःशुल्क एम्वुलेन्समार्फत समयमै अस्पताल पुऱ्याउने व्यवस्था पनि अझ प्रभावकारी बनाउनुपर्छ।
- स्वास्थ्य चौकीमा विरामी घट्नुको विषय
- दुईवटा अस्पताल २४ घण्टा सञ्चालनमा आएपछि वडा नं. १, २, ४ र ५ लगायतका केही स्वास्थ्य चौकीमा विरामीको संख्या घटेको देखिएको छ।
- यसलाई हामीले स्वास्थ्य चौकी कमजोर भएको संकेतका रूपमा मात्र हेर्नु हुँदैन।
- अस्पतालमा Lab, X-Ray, Ultrasound, वेड, आकस्मिक सेवा तथा २४ घण्टे उपचार सेवा उपलव्ध भएपछि नागरिकहरू उपचारका लागि अस्पतालतर्फ आकर्षित भएका छन्।
- अव स्वास्थ्य चौकीको भूमिका झन् महत्वपूर्ण हुन्छ।

**स्वास्थ्य चौकीले मुख्य रूपमा**

- रोग रोकथाम, स्वास्थ्य प्रवर्द्धन, प्रारम्भिक पहिचान र समयमै रेफरलमा जोड दिनुपर्छ।

**अर्थात्**

- अस्पतालले उपचार गर्ने, स्वास्थ्यकर्मीले गाउँमै पुगेर रोगको रोकथाम, नियन्त्रण, समयमा पहिचान तथा स्वास्थ्य प्रवर्धन गर्ने।
- आमा समूहलाई पनि हाम्रो स्वास्थ्य अभियानको महत्वपूर्ण आधार वनाउनुपर्छ। आमा समूहका वैठक नियमित र प्रभावकारी वनाउँदै मातृ तथा वाल स्वास्थ्य, पोषण, खोप, सरसफाइ, परिवार नियोजन, नसर्ने रोग तथा स्वास्थ्य सचेतनाका विषयमा निरन्तर छलफल गर्ने कार्य निरन्तर रुपमा गरिदैछ।

**अबको हाम्रो स्वास्थ्य नीति**

- हाम्रो नीति केवल विरामी भएपछि उपचार गर्ने होइन।

**हाम्रो नीति हो**

- विरामी भएपछि अस्पताल पुऱ्याउने मात्र होइन, विरामी नै हुन नदिन गाउँमै स्वास्थ्य सेवा पुऱ्याउने।
- यसका लागि आगामी वर्षको योजना वनाउँदा कागजमा कार्यक्रम राखेर वजेट खर्च गर्नेभन्दा पनि नागरिकको स्वास्थ्यमा वास्तविक परिवर्तन ल्याउने परिणाममुखी योजना वनाउनुपर्छ।

CamScanner

हाम्रो एकीकृत स्वास्थ्य प्रणाली यस्तो हुनुपर्छ ।

- स्वास्थ्यकर्मी तथा स्वास्थ्य चौकी द्वारा गाउँ/घर वा घरदैलो सेवा।
- ANC / PNC / खोप / Screening / Prevention ↑
- १५ बेड वहेडा बेला नगर अस्पताल / ५ बेड तुल्सियाही नगर अस्पताल
- Lab / X-Ray / Ultrasound / Emergency / Bed
- आवश्यकताअनुसार Referral
- नि:शुल्क एम्बुलेन्स सेवा
- यसरी स्वास्थ्य चौकी, अस्पताल, स्वास्थ्यकर्मी, आमा समूह र समुदायलाई एउटै प्रणालीमा जोडेर स्वास्थ्य सेवा सञ्चालन गर्नुपर्छ।
- आजको यस गोष्ठीबाट म सम्पूर्ण स्वास्थ्यकर्मी, कर्मचारी तथा सम्वन्धित शाखालाई विशेष आग्रह गर्न चाहन्छु ।
- योजना कागजमा होइन, नागरिकको घरदैलोमा देखिनुपर्छ।
- हामीले वनाउने योजना वजेट खर्च गर्ने योजना होइन, नागरिकको स्वास्थ्य सुधार गर्ने योजना हुनुपर्छ।

आगामी वर्ष हाम्रो लक्ष्य हुनेछ ।

- घरदैलो स्वास्थ्य सेवा विस्तार गर्ने,
- ANC/PNC को पहुँच अधिकतम बनाउने,
- नसर्ने रोगको नियमित screening गर्ने,
- खोपको पूर्ण पहुँच सुनिश्चित गर्ने,
- कुपोषण न्यूनीकरण गर्ने,
- आमा समूहलाई थप सक्रिय वनाउने,
- स्वास्थ्यकर्मीको community outreach बढाउने,
- अस्पतालको सेवाको गुणस्तर सुधार गर्ने,
- विद्यालय तथा समुदायमा किशोर–किशोरीका लागि स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।
- किशोरीको पोषण
- महिनावारी स्वास्थ्य तथा सरसफाइ
- रक्तअल्पता पहिचान
- व्यक्तिगत सरसफाइ
- मानसिक तथा सामाजिक स्वास्थ्यसम्वन्धी सचेतना
- लागूपदार्थ तथा सुर्तीजन्य पदार्थबाट बच्ने शिक्षा
- प्रजनन स्वास्थ्यसम्बन्धी उमेरअनुकूल शिक्षा
- स्वस्थ विद्यार्थी, गुणस्तरीय शिक्षालाई आधार बनाइनेछ।
- विद्यालयसँग समन्वय गरी:
- नियमित स्वास्थ्य परीक्षण
- आँखा तथा दाँत परीक्षण
- पोषण परीक्षण
- सरसफाइसम्बन्धी कार्यक्रम
- प्राथमिक उपचारसम्वन्धी जानकारी

- किशोर-किशोरी स्वास्थ्य शिक्षा सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिकलाई स्वास्थ्य संस्थासम्म आउन कठिन हुने भएकाले आवश्यकताअनुसार घरदैलो स्वास्थ्य सेवा (ज्येष्ठ नागरिक तथा घुम्ती स्वास्थ्य सेवा) विस्तार गरिनेछ। जस अन्तर्गत -
  - रक्तचाप
  - मधुमेह
  - नियमित औषधि सेवनको follow-up
  - शारीरिक अवस्था
  - दीर्घरोगको निगरानी
  - आवश्यक परे अस्पताल Referral
- औषधिको नियमित उपलब्धता सुनिश्चित गर्ने र आकस्मिक स्वास्थ्य सेवामा थप सुधार गर्ने।
- अन्त्यमा, स्वास्थ्य भनेको सरकारको मात्र जिम्मेवारी होइन, सम्पूर्ण समुदायको साझा जिम्मेवारी हो। जनप्रतिनिधि, स्वास्थ्यकर्मी, कर्मचारी, आमा समूह, नागरिक समाज र आम नागरिक सबै मिलेर काम गरे मात्र हामी स्वस्थ गाउँपालिका निर्माण गर्न सक्छौं।

- **त्यसैले हाम्रो संकल्प हो ।**
  - स्वास्थ्य संस्था वलियो, अस्पताल सक्षम, स्वास्थ्यकर्मी गाउँमा र नागरिक स्वस्थ र हाम्रो अन्तिम लक्ष्य ।
  - स्वस्थ नागरिक, समृद्ध मुखियापट्टी मुसरनिया गाउँपालिका।
  - यस महत्वपूर्ण गोष्ठीवाट व्यवहारिक, परिणाममुखी र नागरिकमैत्री स्वास्थ्य योजना निर्माण हुनेछ भन्ने विश्वास लिँदै सबैको सक्रिय सहभागिताका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद।

**जय मुखियापट्टी मुसरनिया गाउँपालिका।**